जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २७४ • २०८३ श्रावण ८ गते शुक्रवार • 24 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेस प्रदेश सरकारद्वारा निर्धारित 'बफर' कोटाको रसायनिक मल वितरण सुरु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ७ श्रावण




कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले मधेस प्रदेश सरकारद्वारा निर्धारित 'बफर' कोटाको रसायनिक मल वितरण सुरु गरेको छ । धान रोपाइँको समयमा रसायनिक मलको अभाव झेलिरहेका धनुषाका किसानलाई लक्षित गरेर स्थानीय तहको सिफारिसको आधारमा बफर कोटाको युरिया र डिएपी रसायनिक मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश सरकारको गत असार ३१ गतेको निर्णयबमोजिम स्थानीय तहगत रुपमा निर्धारण गरिएको बफर कोटाअनुसार युरिया र डिएपी मल बिक्री वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिनुभयो । उहाँका अनुसार मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको डिएपी मलको अभाव विस्तारै हट्दै गएको छ । साउनको दोश्रो सातासम्म थप युरिया र डिएपी मल आउने भएकाले मलको अभाव पूर्ण रुपमा हट्ने उहाँको भनाइ छ ।

यसैबीच कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले पछिल्लो एक वर्षको अवधिमा १८ हजार ७४५ दशमलव एक मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ । कार्यालयका सूचना अधिकारी साहका अनुसार सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा युरिया ११ हजार २४१ दशमलव ३५० मेट्रिक टन, डिएपी छ हजार ९६३ दशमलव ३०० मेट्रिक टन, पोटास ३७९ दशमलव ५५० मेट्रिक टन र कृषि चुन १६० दशमलव ९०० मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ ।

सो कार्यालयलाई आव २०८२/८३ मा युरिया १० हजार ६१८ दशमलव ५०० मेट्रिक टन, डिएपी सात हजार २८९ मेट्रिक टन, पोटास ४६३ मेट्रिक र कृषि चुन २३५ मेट्रिक टन रसायनिक मल प्राप्त भएको सूचना अधिकारी साहले बताउनुभयो । यसबाट अधिकांश प्राप्त मल किसानसम्म पुगिसकेको देखिएको छ ।

धान रोपाइँको मुख्य सिजनमा समेत कार्यालयले आवश्यकता अनुसार मल वितरण गर्दै मौज्दात व्यवस्थापनलाई प्रभावकारी बनाएको कार्यालय प्रमुख ध्रुव चौधरीले बताउनुभयो । धान रोपाइँको यामलाई लक्षित गरी मलको नियमित आपूर्ति, मौज्दात व्यवस्थापन र वितरण प्रक्रियालाई व्यवस्थित बनाइएको प्रमुख चौधरीको भनाइ छ ।

किसानको मागअनुसार थप मल उपलब्ध गराउन आवश्यक समन्वय समेत भइरहेको र यस वर्षको थप मल केही दिनभित्रै मल आइपुग्ने प्रमुख चौधरीको भनाइ छ ।

## सर्पदंशबाट एक बालकको मृत्यु, खर्च तिर्न नसक्दा परिवारले अस्पतालबाट शवसमेत बुझ्न नसकेको



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ७ श्रावण

महोत्तरीको बर्दिबास नगरपालिका-१२ बिजलपुरास्थित चल्कीमा सर्पदंशबाट एक बालकको मृत्यु भएको छ। उपचारका क्रममा लागेको खर्च तिर्न नसक्दा परिवारले अस्पतालबाट शवसमेत बुझ्न नसकेको जनाएको छ ।

स्थानीय चन्दन कापरका आठ वर्षीय छोरा विवेक कापरलाई बुधबार साँझ घरनजिकै रहेको आँपको रुखमा फल टिप्ने क्रममा विषालु सर्पले टोकेको थियो। गम्भीर अवस्थामा उनलाई तत्काल बर्दिबास जनसेवा अस्पतालमा भर्ना गरिएको थियो। भेन्टिलेटरमा राखेर उपचार भइरहेका विवेकको बिहीबार बिहान मृत्यु भएको हो । बर्दिबास नगरपालिका-१२ की वडा सदस्य रुपोदेवी सदाका अनुसार सर्पदंशपछि बालकको अवस्था अत्यन्त गम्भीर बनेको थियो। बालककी आमा अमृतदेवी कापरले घरमै आँप टिप्ने क्रममा सर्पले टोकेपछि तत्काल अस्पताल पुर्‍याए पनि छोरालाई बचाउन नसकिएको बताउनुभयो । उहाँका अनुसार उपचारका क्रममा करिब ७० हजार रुपियाँ खर्च भएको छ । कमजोर आर्थिक अवस्थाका कारण उक्त रकम तिर्न नसक्दा परिवारले शवसमेत अस्पतालबाट बुझ्न नसकेको जनाएको छ । बर्दिबास जनसेवा अस्पतालका सञ्चालक सुमन भुजेलले मानवीय आधारमा उपचार खर्चमा १५ प्रतिशत छुट दिइएको बताउनुभयो। अस्पताल बिरामी र परिवारको अवस्थाप्रति संवेदनशील रहेको उहाँको भनाइ छ। घटनापछि मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदा थापा, बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीलगायत अस्पताल पुग्नुभएको थियो ।

स्थानीयवासीले विपन्न परिवारलाई तत्काल राहत उपलब्ध गराउन, उपचार खर्च व्यवस्थापनमा सहयोग गर्न तथा आर्थिक अभावकै कारण पीडित परिवारले थप सास्ती भोग्न नपर्ने व्यवस्था गर्न स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग माग गरेका छन् ।




सामाजिक तथा सांस्कृतिक सदभाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाईचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कृतिलाई अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सदभावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सदभाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................


# पुष्पलालको ४८ औं स्मृति दिवस

*पुष्पलाल श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनका सदाबहार वैचारिक व्यक्तित्व रहेको छ । उनले केवल एउटा राजनीतिक दलको नेतृत्व गर्नु भएन, समग्र नेपाली क्रान्तिको वैचारिक दिशा नै निर्धारण गर्नुभएको छ । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव, नेपाली समाजका पहिलो वैज्ञानिक मार्क्सवादी विश्लेषक, क्रान्तिका सिद्धान्तकार तथा लोकतान्त्रिक गणतन्त्रका दूरदर्शी चिन्तकका रूपमा उहाँ सम्पूर्ण नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको साझा वैचारिक सम्पत्ति हुन । पुष्पलालको ४८ औं स्मृति दिवस र १०२ औं जन्मजयन्ती मनाइरहँदा औपचारिक श्रद्धाञ्जलीमात्र पर्याप्त हुँदैन । उहाँका विचार, दस्तावेज र राजनीतिक दृष्टिलाई आजको यथार्थसँग जोडेर पुनः समीक्षा गर्नु नै उहाँप्रतिको सच्चा सम्मान रहेका छन । इतिहासको सम्मान भनेको अतीतको स्मरणमात्र होइन, वर्तमानका लागि शिक्षा र भविष्यका लागि सही दिशा खोज्नु पनि छ । आज नेपाली कम्युनिस्ट आन्दोलन विभाजन, व्यक्तिवाद, अवसरवाद, वैचारिक विचलन र सत्ता-केन्द्रित राजनीतिका चुनौतीहरूसँग जुधिरहेका छन ।*

*यस्तो अवस्थामा स्वाभाविक प्रश्न उठ्छ- पुष्पलाल आज जीवित हुनुहुन्थ्यो भने यस अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्थ्यो ? र, आन्दोलनको पुनर्गठनलाई कुन वैचारिक तथा राजनीतिक दिशामा अघि बढाउनुहुन्थ्यो ? यी प्रश्नहरूको उत्तर खोज्नु केवल बौद्धिक अभ्यास होइन, नेपाली कम्युनिस्ट आन्दोलनको भविष्यसँग जोडिएको ऐतिहासिक आवश्यकता रहेको छ ।*

# जलेश्वरमा दलित बालबालिकाको शिक्षामा पहुँच विस्तारका लागि अभिभावक अनुशिक्षण कार्यक्रम सम्पन्न

**मो. इर्शाद**
**महोत्तरी, ७ श्रावण**



दलित समुदायका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले महोत्तरीको जलेश्वरमा अभिभावक अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, महोत्तरीको आयोजना तथा सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन गरिएको 'दलित बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धिका लागि शैक्षिक पैरवी सम्बन्धी अभिभावक अनुशिक्षण' कार्यक्रममा २६ जना अभिभावक हरुको सहभागितामा जलेश्वरस्थित नेपाल शिक्षक संघको सभाहलमा सम्पन्न भएको हो । संघका अध्यक्ष बिक्रू पासवानको अध्यक्षतामा आयोजित कार्यक्रममा बालबालिकाको शिक्षाको महत्त्व, विद्यालयसँग अभिभावकको नियमित समन्वय, मधेसी दलित बालबालिकाको शिक्षामा पहुँच विस्तारमा अभिभावकको भूमिका, विद्यालय र समुदायबीचको सहकार्य सुदृढ गर्ने उपाय तथा छोरी-छोरालाई समान शैक्षिक अवसर सुनिश्चित गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो । कार्यक्रममा सहभागीहरूलाई बालबालिकालाई नियमित विद्यालय पठाउने, उनीहरूको सिकाइ प्रक्रियामा अभिभावकको सक्रिय सहभागिता बढाउने तथा समुदायमै शिक्षामैत्री वातावरण निर्माण गर्न प्रेरित गरिएको आयोजकले जनाएको छ । आजको लगानी, भोलिको उज्यालो भविष्य" भन्ने मूल नारासहित सम्पन्न कार्यक्रममा दलित समुदायका बालबालिकाको विद्यालयमा पहुँच, टिकाउपन तथा गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धिमा अभिभावकको भूमिका महत्त्वपूर्ण रहनेमा जोड दिइएको थियो । कार्यक्रममा समाज विकास परिषद्का अध्यक्ष अरविन्द साह, दलित महिला समाज विकासकी अध्यक्ष राजदुलारी देवी, संस्थाकी सदस्य शिवदुलारी साह तथा फेडो संस्थाका कार्यक्रम संयोजक सिजेन्द्र सदा लगायतको उपस्थिति रहेको थियो ।

# ३ वर्षीय बालक हत्या प्रकरणमा १५ वर्षीया किशोरी नियन्त्रणमा

**मो. इर्शाद**
**महोत्तरी, ७ श्रावण**




महोत्तरीको सम्सी गाउँपालिका-५ पोखरभिण्डामा तीन वर्षीय बालक मनिकेश कुमार यादवको हत्या प्रकरणमा प्रहरीले १५ वर्षीया एक किशोरीलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पाँच लाल गोलेका अनुसार गत जेठ २२ गते साँझ घरबाहिर खेलिरहेका मनिकेश अचानक बेपत्ता भएका थिए । खोजतलासका क्रममा जेठ २४ गते साँझ गाउँकै पानी पोखरीमा बोराभित्र उनको शव फेला परेको थियो ।

घटनापछि बालकले हातमा लगाएका चाँदीका बाला हराएको विषयलाई समेत आधार बनाएर प्रहरीले अनुसन्धान अघि बढाएको थियो । डीएसपी गोलेका अनुसार सूक्ष्म अनुसन्धानका क्रममा घटनामा संलग्न रहेको आशंकामा १५ वर्षीया किशोरीलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा उनले साइकलमा करिब ३० किलोग्राम मल बोकेर खेततर्फ जाँदै गर्दा ब्रेक नभएको साइकल अनियन्त्रित भई विपरीत दिशाबाट दौडिँदै आएका बालकलाई ठक्कर दिएको स्वीकार गरेकी छन् । उनका अनुसार ठक्करपछि बालकको मृत्यु भएको थाहा पाएपछि घटना लुकाउने उद्देश्यले शवलाई सिमेन्टको बोराभित्र राखी करिब ३०० मिटर टाढा रहेको पानी पोखरीमा फालेको र बालकका दुवै हातबाट चाँदीका दुई वटा बाला निकालेर लुकाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । डीएसपी गोलेले अनुसन्धानका क्रममा हराएका चाँदीका दुई वटा बाला र घटनामा प्रयोग भएको साइकल बरामद गरिएको जानकारी दिए । साथै, किशोरीलाई महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको उनले बताए ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: पिछडेको साथी मिल्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: मनमा पछुतो आउने
मकर: लामो यात्राको योग छ
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पटनामा विद्यार्थीको प्रदर्शनमा प्रहरीद्वारा अश्रुग्यास प्रहार



**मो. इर्शाद**
**काठमाण्डौं, ७ श्रावण**

दिल्लीमा भइरहेको विद्यार्थी प्रदर्शनको समर्थनमा बुधबार बिहारको राजधानी पटनामा विद्यार्थीहरूले प्रदर्शन गरेका छन् ।

यो प्रदर्शन अल इन्डिया स्टुडेन्ट्स एसोसिएसन (आइसा) को आह्वानमा भएको हो। यस प्रदर्शनमा आइसाबाहेक अन्य विद्यार्थी सङ्गठनका विद्यार्थीहरू पनि सहभागी भएका थिए ।

प्रदर्शनकारीहरूको मार्च पटनाको गान्धी मैदानको गेट नम्बर १० बाट सुरु भएको थियो। उनीहरू राजभवनसम्म जान चाहन्थे। प्रहरीले गान्धी मैदानस्थित जेपी गोलम्बरनजिकै विद्यार्थीहरूलाई रोकेको थियो । प्रहरीले प्रदर्शनकारीहरूमाथि वाटर क्यानन प्रयोग गरेको थियो । बीबीसीका भिडियो पत्रकार शाहनवाज अहमदका अनुसार प्रहरीले अश्रुग्यासका दुई गोला हानेको थियो। यस क्रममा प्रदर्शनकारीहरूले पनि प्रहरीमाथि ढुङ्गा हानेको आरोप छ । प्रहरीको कारबाहीका बाबजुद प्रदर्शनकारीहरू जेपी गोलम्बरमा रोकिएनन् । उनीहरू अगाडि बढ्दै डाक बङ्गला चौराहासम्म पुगेका थिए । यस क्रममा विद्यार्थीहरूले लगातार नारा लगाएका थिए । उनीहरूले 'गोदी मिडिया गो ब्याक' भन्दै नारा लगाएका थिए । प्रदर्शनका क्रममा धेरै सञ्चारकर्मी घाइते पनि घाइते भएका छन् ।

# सार्वजनिक बिदाको दिन पनि सेवा जारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ श्रावण**

जिल्ला प्रशासन कार्यालय सिरहाले सार्वजनिक बिदा (शनिबार र आइतबार) पनि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा जारी राख्ने भएको छ । कार्यालयले सूचना जारी गरी सेवाग्राहीको सङ्ख्या बढ्दै गएको जनाउँदै आगामी साउन ७ गतेदेखि अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि सार्वजनिक बिदाको दिन शनिबार र आइतबार पनि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा सञ्चालन हुने जनाएको छ । राष्ट्रिय परिचयपत्र बनाउन सेवाग्राहीको सङ्ख्या दैनिक बढ्दै गएको सन्दर्भमा सार्वजनिक बिदाका दिन बिहान १०: ०० बजेदेखि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा सञ्चालन हुने सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी सूचनामा उल्लेख छ ।

# विजय थलपतिको 'जन नायकन'ले अग्रिम टिकट बुकिङबाट कमायो २० करोड भारु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ श्रावण**



दक्षिण भारतीय सुपरस्टार विजय थलापतिको बहुप्रतीक्षित चलचित्र 'जन नायकन' ले प्रदर्शनअघि नै बक्स अफिसमा उत्कृष्ट सुरुआत गरेको छ। समाचार अनुसार रिलिज भन्दा एक दिनअघि फिल्मले अग्रिम टिकट बुकिङमार्फत नै २० करोड भारतीय रुपैयाँभन्दा बढी कमाएको छ । यसमा ब्लक सिटसमेत समावेश छन् । ब्लक सिटको बिक्रीलाई हटाएर हेर्दा पनि चलचित्रले करिब १४ करोड भारतीय रुपैयाँ बराबरको टिकट बिक्री गरिसकेको छ ।

चलचित्रको अग्रिम बुकिङमा तमिल संस्करणको दबदबा देखिएको छ । सबैभन्दा धेरै टिकट तमिलनाडुबाट बिक्री भएका छन् । यहाँ मात्रै करिब ७ करोड ९० लाख भारतीय रुपैयाँ बराबरको अग्रिम बुकिङ भएको छ । त्यसपछि कर्नाटक दोस्रो स्थानमा छ । यहाँ करिब ६ करोड ३ लाख भारतीय रुपैयाँको टिकट बिक्री भएको छ । खास गरेर बेङ्गलुरुमा दर्शकहरूको उत्साह निकै उच्च देखिएको छ । केरलबाट पनि करिब १ करोड ९१ लाख भारतीय रुपैयाँको अग्रिम बुकिङ भएको छ । सहरको हिसाबले हेर्दा बेङ्गलुरु सबैभन्दा अगाडि रहेको छ, जहाँबाट मात्रै करिब ५ करोड ९९ लाख भारतीय रुपैयाँ बराबरको टिकट बिक्री भएको छ। त्यसपछि चेन्नई, कोयम्बटुर, हैदराबाद, मदुरै, कोच्ची र तिरुवनन्तपुरम लगायतका सहरबाट पनि उल्लेखनीय बुकिङ भएको छ । भाषागत रूपमा तमिल संस्करणले सबैभन्दा बढी व्यापार गरेको छ । तमिल संस्करणबाट मात्रै १४ करोड भारतीय रुपैयाँभन्दा बढीको टिकट बिक्री भएको छ । तेलुगु संस्करणले पनि राम्रो प्रतिक्रिया पाएको छ भने हिन्दी संस्करणको अग्रिम बुकिङ अपेक्षाकृत कम रहेको छ। अधिकांश टिकट २डी प्रदर्शनका लागि बिक्री भएका छन् भने प्रिमियम फर्म्याटको योगदान न्यून रहेको बताइएको छ ।

व्यापार विश्लेषकहरूका अनुसार 'जन नायकन'ले विजयका अघिल्ला चलचित्र 'लियो' र 'गोट'को अग्रिम बुकिङको रेकर्ड भने अहिलेसम्म पार गर्न सकेको छैन । तर प्रदर्शनको समय नजिकिँदै जाँदा टिकट बिक्री अझ बढ्ने अपेक्षा गरिएको छ । यस चलचित्रप्रति दर्शकहरूको विशेष आकर्षण हुनुको अर्को कारण यो विजय थलापतिको चलचित्र करियरको अन्तिम चलचित्र मानिनु हो । करिब ३३ वर्ष लामो अभिनय यात्रापछि उनले पूर्ण रूपमा राजनीतिमा सक्रिय हुने घोषणा गरिसकेका छन् ।




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश





अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश





अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश





अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# कुरुक्षेत्रको धूलोदेखि मानिसको अन्तःकरणसम्मको यात्रा



-प्रेमचन्द्र झा

कहिले अर्जुन द्विविधामा पर्छ, र कहिलेकाहीँ मात्र कृष्णको स्वर सुनिन्छ। महाभारत पढ्नुको वास्तविक अर्थ भनेकै यही हो–आफ्नो भित्र कसले बोलिरहेको छ भनेर चिन्नु। श्रीकृष्ण, भगवद्गीता र आत्मविजयको दर्शनः महाभारतको कथा श्रीकृष्णबिना अपूर्ण छ। तर श्रीकृष्णलाई केवल चमत्कार गर्ने देवता वा पाण्डवका पक्षधरका रूपमा बुझ्नु उहाँको व्यक्तित्वलाई सीमित बनाउनु हो। गीताको सन्दर्भमा कृष्ण एउटा ऐतिहासिक पात्रभन्दा धेरै माथि उठेर मानव चेतनाको सर्वोच्च विवेकका रूपमा उपस्थित हुनुहुन्छ। उहाँले अर्जुनलाई युद्ध जित्ने रणनीति मात्र सिकाउनुभएन; मानिसले आफैँलाई कसरी जित्ने भन्ने शाश्वत शिक्षा दिनुभयो ।

त्यसैले गीता युद्धभूमिमा जन्मिएको भए पनि यसको उद्देश्य युद्ध होइन, मानिसभित्रको अशान्तिको अन्त्य हो । अर्जुनको सबैभन्दा ठूलो समस्या कौरवको शक्ति थिएन। उनका हातमा गाण्डीव थियो, उनी अनुपम धनुर्धर थिए। उनको वास्तविक संकट थियो–मोह, करुणा, कर्तव्य र भावनाबीचको द्वन्द्व। आफ्नै हजुरबा, गुरु, दाजुभाइ र आफन्तहरूलाई युद्धभूमिमा देखेपछि उनीभित्रको मनुष्य जाग्यो । हात काँपे, आँखाबाट आँसु बगे, गाण्डीव हातबाट झऱ्यो। उनी युद्ध गर्न होइन, युद्धबाट भाग्न चाहन्थे ।

यही क्षणलाई व्यासले सम्पूर्ण मानव सभ्यताको सबैभन्दा ठूलो दार्शनिक क्षण बनाइदिए । किनभने अर्जुन केवल अर्जुन थिएनन्। उनी प्रत्येक मानिस थिए, जो जीवनको कुनै न कुनै मोडमा सही र गलतबीच उभिएर निर्णय गर्न डराउँछ । जो सम्बन्ध र सिद्धान्तबीच अल्झिन्छ । जो भावनाले विवेकलाई ढाकिदिँदा दिशाहीन हुन्छ। यस्तो अवस्थामा श्रीकृष्णले दिएको पहिलो शिक्षा थियो–“तिमी आफ्नो स्वधर्मबाट नभाग।“ यो वाक्यलाई प्रायः गलत अर्थमा बुझिन्छ। यहाँ धर्मको अर्थ कुनै सम्प्रदाय, पूजा वा कर्मकाण्ड होइन । धर्मको अर्थ हो–आफ्नो सत्य, आफ्नो कर्तव्य र आफ्नो नैतिक जिम्मेवारी। गीता मानिसलाई संसार त्याग्न भन्दैन; संसारमै रहेर सत्य र न्यायको पक्षमा उभिन सिकाउँछ । यही कारणले गीता आज पनि केवल धार्मिक ग्रन्थ होइन, जीवन व्यवस्थापनको अनुपम ग्रन्थ मानिन्छ । आधुनिक मानिसको सबैभन्दा ठूलो समस्या बाहिरी अभाव होइन, भित्री असन्तोष हो । घर छ, गाडी छ, प्रतिष्ठा छ, सुविधा छ, तर शान्ति छैन ।

सामाजिक सञ्जालमा हजारौं साथी छन्, तर एक्लोपन गहिरिँदै गएको छ। सूचना बढेको छ, तर आत्मज्ञान घट्दै गएको छ। मानिसले संसारसँग संवाद गर्न सिक्यो, तर आफूसँग संवाद गर्न बिर्सियो । श्रीकृष्णको शिक्षा यही बिन्दुमा आज पनि सान्दर्भिक छ। उहाँ भन्नुहुन्छ–मनलाई जित्न नसक्ने मानिस संसार जितेर पनि पराजित हुन्छ । गीताको दृष्टिमा मन मानिसको सबैभन्दा ठूलो मित्र पनि हो, सबैभन्दा ठूलो शत्रु पनि । अनुशासित मनले मानिसलाई उचाइमा पुऱ्याउँछ; अनियन्त्रित मनले पतनतर्फ धकेल्छ। त्यसैले गीताले बारम्बार आत्मसंयम, इन्द्रियनिग्रह र समत्वको शिक्षा दिन्छ । आजको उपभोक्तावादी समाजले मानिसलाई निरन्तर एउटा भ्रममा राखेको छ–अझ धेरै पाएपछि सुख मिल्छ । तर महाभारत र गीता भन्छन–सुख वस्तुमा होइन, चेतनाको अवस्थामा हुन्छ। इच्छा पूरा हुँदा केही समयको आनन्द मिल्न सक्छ, तर त्यसपछि अर्को इच्छा जन्मिन्छ । यही अनन्त चक्रमा मानिस थाक्छ, तर सन्तुष्ट हुँदैन ।

यसैले कौरवको सङ्ख्या सय देखाइएको हो। एउटा इच्छा पूरा हुन्छ, अर्को जन्मिन्छ। एउटा लोभ मर्छ, अर्को बलियो भएर आउँछ। विकारको यही अनन्त शृङ्खला नै मानिसको वास्तविक बन्धन हो । पूर्वीय योगदर्शनले महाभारतलाई शरीरभित्रको आध्यात्मिक यात्रासँग पनि जोडेर हेर्छ । पाँच पाण्डवलाई मूलाधारदेखि विशुद्धसम्मका पाँच चक्रको प्रतीक मान्ने परम्परा पनि छ ।

यस व्याख्याअनुसार द्रौपदी कुण्डलिनी शक्तिको प्रतीक हुन–मानिसभित्र सुप्त अवस्थामा रहेको चेतनाको ऊर्जा। जब इन्द्रियहरू संयमित हुन्छन्, मन स्थिर हुन्छ, विवेक जागृत हुन्छ, तब यही चेतनाशक्ति क्रमशः माथि उक्लिँदै जान्छ। यो व्याख्या सबैका लागि अनिवार्य विश्वासको विषय नहुन सक्छ, तर यसको सांकेतिक अर्थ गहिरो छ–मानिसको यात्रा बाहिरबाट भित्रतर्फ र अज्ञानबाट चेतनातर्फ हो। यही कारणले वैदिक दर्शनमा “ॐ“ केवल ध्वनि होइन, जागरणको प्रतीक मानिएको छ। यसले मानिसलाई बाहिरी कोलाहलभन्दा भित्री मौनतर्फ फर्काउँछ। महाभारतको पाञ्चजन्य शङ्खनादलाई पनि यही जागरणको आह्वानका रूपमा बुझ्न सकिन्छ–उठ, आफ्ना विकारसँग लड, आफ्नो अन्तरात्माको आवाज सुन ।

यद्यपि यस्ता आध्यात्मिक व्याख्याहरूलाई शाब्दिक इतिहासका रूपमा होइन, प्रतीकात्मक दर्शनका रूपमा ग्रहण गर्नु उपयुक्त हुन्छ। महाभारतको बल नै यही हो कि यसले एउटै कथाबाट अनेक तहका अर्थ जन्माउँछ । कसैले यसलाई इतिहासका रूपमा पढ्न सक्छ, कसैले धर्मग्रन्थका रूपमा, कसैले मनोविज्ञानका रूपमा, त कसैले आत्मजागरणको मार्गदर्शकका रूपमा । आजको मनोविज्ञानले पनि एउटा महत्त्वपूर्ण कुरा स्वीकार गरेको छ–मानिसको जीवन बाहिरी घटनाभन्दा बढी उसले ती घटनालाई कसरी अर्थ दिन्छ भन्ने कुराले निर्धारण गर्छ। गीता पनि यही भन्छ । घटना होइन, दृष्टि बदल। संसार होइन, चेतना बदल। बाहिरी परिस्थितिमाथि हाम्रो नियन्त्रण सधैं हुँदैन, तर ती परिस्थितिप्रतिको हाम्रो प्रतिक्रिया भने हाम्रो हातमा हुन्छ ।

यही कारणले श्रीकृष्णले अर्जुनलाई भविष्यको परिणाम होइन, वर्तमानको कर्ममा केन्द्रित हुन सिकाउनुभयो। “कर्म गर, फलमा आसक्त नहोऊ“ भन्ने सन्देश निष्क्रियताको शिक्षा होइन; यो त पूर्ण जिम्मेवारीका साथ कर्म गर्ने, तर त्यसको परिणामले आफ्नो आत्मसम्मान र मानसिक सन्तुलन नचलाउने परिपक्व जीवनदर्शन हो ।

आजको प्रतिस्पर्धी समाजमा यही शिक्षा झन् सान्दर्भिक देखिन्छ। सफलता नै मानिसको मूल्यको मापन बनेको छ । असफलता जीवनको अन्त्यजस्तै ठान्न थालिएको छ । तुलना, प्रतिस्पर्धा र प्रदर्शनको संस्कृतिले मानिसलाई निरन्तर मानसिक दबाबमा राखेको छ । यस्तो अवस्थामा गीता एउटा आध्यात्मिक ग्रन्थ मात्र होइन, मानसिक सन्तुलनको शाश्वत पाठशाला बनेर उभिन्छ । सायद यही कारणले महाभारतको सबैभन्दा ठूलो युद्ध कुरुक्षेत्रमा होइन, अर्जुनको मनमा भएको थियो। र त्यस युद्धको विजय कुनै अस्त्रले होइन, विवेकले सम्भव भएको थियो ।

मानिसले संसारलाई जित्नुअघि आफ्नै मनलाई जित्नुपर्छ । किनकि मन विजयी भए संसारका हार पनि शिक्षामा बदलिन्छन्, तर मन पराजित भए संसारका जित पनि अन्ततः शून्य सावित हुन्छन्। महाभारतले अन्ततः यही सिकाउँछ–कृष्ण बाहिर भेटिनुभन्दा पहिले मानिसभित्र जाग्नुपर्छ। जब विवेक, करुणा, सत्य र आत्मचेतना जीवनको सारथि बन्छन्, तब मात्रै मानिसको वास्तविक यात्रा सुरु हुन्छ। त्यसपछि युद्ध रहन्छ, चुनौती रहन्छ, पीडा पनि रहन्छ; तर ती सबैलाई हेर्ने दृष्टि बदलिन्छ । र दृष्टि बदलिनेबित्तिकै जीवनको अर्थ पनि बदलिन्छ ।

चौथो (अन्तिम) भागमा यस दर्शनलाई आजको नेपाल, राजनीति, भ्रष्टाचार, सामाजिक विघटन, पारिवारिक सम्बन्ध, नैतिक संकट र मानव सभ्यताको भविष्यसँग जोड्दै शक्तिशाली निष्कर्ष प्रस्तुत गरिनेछ ।





अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday